नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, ललितपुर

## लिलाम बिक्रीसम्बन्धी सुचना

(दोस्रो पटक प्रकाशित मिति २०७८/११/१९)

यस कार्यालयमा रहेका तपशिलमा उल्लिखित पुराना मालसामानहरु जे-जस्तो अवस्थामा छन्, सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले लिलाम सकार गर्न इच्छुक फर्म, व्यक्ति वा कम्पनीबाट निम्न शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न दोस्रो पटक यो सुचना प्रकाशित गरिएको छ ।

### लिलाम हुने मालसामानको विवरण

| क.सं. | लिलाम हुने मालसामानको विवरण | न्यूनतम मूल्य (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर (रु.) | बोलपत्र खरिद गर्ने अन्तिम मिति |
|---|---|---|---|---|
| १. | इलेक्ट्रोनिक्स, फर्निचर र सवारी साधनहरु | ७,०६,२४६.९६ | १,०००.०० | २०७८/११/२३ |

**शर्तहरु:**

१) **बोलपत्र दस्तुर-** इच्छुक बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनसम्म कार्यालय समयभित्र जिल्ला प्रशासन कार्यालयभित्र रहेको ग्लोबल बैंक लि., लगनखेल शाखाको एक्सटेन्सन काउण्टरमा राजस्व खाता नं.०००४०१००००००१, कार्यालय कोड नं.३१४९२३४०२, राजस्व शिर्षक नं.१४२२९ मा रु.१,०००.०० (फिर्ता नहुने गरी) दाखिला गरेको सक्कल भौचर, अध्यावधिक फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गरी यस कार्यालयको स्टोर शाखाबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२) **बोलपत्र खरिद अन्तिम मिति-** यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र ।

३) **बोलपत्र दर्ता अन्तिम मिति-** यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२ बजेसम्म, जिल्ला प्रशासन कार्यालय, स्टोर शाखा ।

४) **बोलपत्र खोलिने समय, मिति र स्थान-** यो सूचना प्रकशित भएको मितिले ८ औं दिनको २ बजे जिल्ला प्रशासन कार्यालय, ललितपुरको बैठक कक्ष ।सो दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट खोलिनेछ ।बोलपत्रदाताहरु उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५) **धरौटी रकम-** डाँक बोल्नु अघि नै मूल्यको ५ प्रतिशतले हुने रकम नगदै वा कोष तथा लेखा नियन्त्रक कार्यालय ललितपुरको नेपाल बैंक लि., गाबहाल शाखामा रहेको धरौटी खाता नं.०१८०१०००००२००३००००१, कार्यालय कोड ३१४९२३४०२ मा दाखिला गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ । डाँक अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानुपर्नेछ ।

६) इच्छुक फर्म/कम्पनी/व्यक्तिले लिलाम हुने मालसामानहरु हेर्न चाहेमा दिउँसो २ बजेदेखि ४:३० बजेसम्म स्टोर शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।लिलाम हुने मालसामानहरु एकमुष्ठ रुपमा बोलकबोल गर्नुपर्नेछ ।

**सहायक-प्रमुख जिल्ला अधिकारी**

७) बोलपत्र दाखिला गर्दा खाममा बोलपत्रदाताले नाम थर, ठेगाना, सम्पर्क नं. समेत खुलाई पेश गर्नुपर्नेछ । रीत नपुगेको वा म्याद नाघी आएको तथा न्यूनतम मूल्य भन्दा घटी अंकित भएको वा शर्तसहितको बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।

८) कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

९) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ (दश) दिनभित्र बोलपत्रमा कबोल गरेको अंक रकम जिल्ला प्रशासन कार्यालयभित्र रहेको ग्लोबल बैंक लि., लगनखेल शाखाको एक्सटेन्सन काउण्टरमा राजस्व खाता नं.०००४०१००००००१, कार्यालय कोड नं.३१४९२३४०२, राजस्व शिर्षक नं.१४२१२ मा दाखिला गरेको सक्कल भौचर पेश गरी लिलाममा परेको सम्पूर्ण मालसामानहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले आफुले कबोल गरेको रकममा १३ प्रतिशतले हुन आउने मु.अ.कर रकम समेत थप गरी दाखिला गर्नुपर्नेछ ।

११) लिलाम भएका सवारी साधनहरु पुनः दर्ता/नामसारी हुने छैनन् ।

१२) यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

सहायक-प्रमुख जिल्ला अधिकारी